राष्ट्रिय सूचना आयोगको
प्रमुख सूचना आयुक्त कृष्णहरि बास्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ४३६/२०७१/०७२
निर्णय नं.८१४

जिल्ला काठमाण्डौ बस्ने डा. गङ्गाप्रसाद अकेला.............................................................................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय...................................१ विपक्षी
सूचना अधिकारी, संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय ..................................१

विषय :- सूचना दिनू भनिएकामा पाईन भन्न नआएकोले तामेलीमा राख्ने ।

जिल्ला काठमाण्डौ बस्ने डा. गङ्गाप्रसाद अकेलाले संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०३।०३ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७२।०३।०३ च.नं. १४४० को पत्रबाट संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयलाई किन सूचना उपलब्ध नगराएको भनी लेखी गएको । उक्त पत्राचार पश्चात पुनरावेदकले सूचना पाए नपाएको सम्बन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यसरी लामो अवधिसम्म पनि सूचना पाईन भनी पुनरावेदक स्वंयले पनि कुनै पनि निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पुनरावेदकले सूचना पाईन भनी निवेदन/उजुरी गरेका बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत तामेलीमा दर्ता गरी राख्नु ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बास्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्बत् २०७३ बैशाख २२ गते रोज ४ शुभम्